# बागमती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### भट्टेडाँडा, ललितपुर
### बागमती प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०४/०४**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम यस गाउँपालिकामा सञ्चालनमा रहेको र रोजगार सेवा केन्द्रको लागि रिक्त रहेका तपसिल पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले न्यूनतम योग्यता पुगेका नेपाली नागरिकबाट प्रतिस्पर्धाको आधारमा पदपूर्ति गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचामा फाराम भरी माग बमोजिमको विवरण र राजश्व तिरेको रसिदसहित यस गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिन यो दरखास्त आहवान गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०१/०१/२०७९/८० | रोजगार सहायक | स्थानीय तहको ५ औं तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता पत्र तह उतीर्ण गरेको,
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भइ ४५ वर्ष ननाघेको,
- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,

२. अन्य योग्यता

- भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

३. दरखास्त दिने स्थान :- बागमती गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय

४. दरखास्त दिने अन्तिम मिति :- सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय सम्म । सो दिन विदा परे विदा पश्चात कार्यालय सञ्चालन भएको पहिलो दिन कार्यालय समय भित्र ।

४. आवेदन दस्तुर रु ५००/-

५. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता

६. आवेदन साथ संलग्न कागजातहरु आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु,

- नागरिकता,
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र,
- चारित्रिक प्रमाण पत्र,
- अनुभव खुल्ने कागजात,
- २ प्रति पासपोर्ट आकारको फोटो,

७. सेवा सुविधा / पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :- "स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति मापदण्ड २०७८"मा उल्लेख भए बमोजिम

नोट :- उल्लेखित पदहरुको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

२०७९।०४।०४

खम्बराज राई

प्रमुख प्रशासकीय अधिकृत

खम्बराज राई
प्रमुख प्रशासकीय अधिकृत